नेपाल सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विभाग
मत्स्य विकास निर्देशनालय
**मत्स्य विकास केन्द्र**
भण्डारा, चितवन

फोन नं.०५६-५५००८५
fdcbhandara@gmail.com

प.सं. :- ०७४।०७५
च.नं. :-

मिति :-२०७५।०२।२३

काठ तथा दाउरा लिलाम बिक्रि सम्वन्धी सूचना ।
प्रथम पटक प्रकाशित मिति २०७५।०२।२३ गते (अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक)

मत्स्य विकास केन्द्र भण्डारामा रहेका विभिन्न जातका काठका गोलाइ तथा दाउराहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजाने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले इजाजत प्राप्त इच्छुक व्यक्ति ,फर्म वा संघ सस्थालाइ यो सूचना प्रकाशितगरिएको छ ।यो सूचना प्रकाशित भएको मितिले २१ ( एक्काइस ) दिन भित्र बोलपत्र फारम खरिद गरी २२औ दिन दिनको १२:००बजे भित्र सिलबन्दी बोलपत्र फारम दाखिला गर्ने यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१)बन पैदावारको विवरण

सिसौ.४फिट माथिको...३३४।८६ सिसौ ४ फिट मुनिको...४४१।२३ क्यू.फि. सिरिस.४फिट माथिको..२३।८८ सिरिस ४फिट मुनिको...६४।०९ क्यू.फिट दाउरा सिसौ को ३ चट्टा दाउरा अन्य..१/२चट्टा

२)बोलपत्र फारम खरिद गर्ने समय ,स्थान र दस्तुर

प्रथम पटक सूचना प्रकाशित मितिले २१औ दिन कार्यालय समय भित्र, बोलपत्र फारम दस्तुर रु १०००।००(एकहजार) फिर्ता नहुने गरी बुझाइ मत्स्य विकास केन्द्र भण्डारा कार्यालयबाट फर्म लिन सकिने छ ।

३)सिलबन्दी बोलपत्र फाराम दाखिला गर्ने समय ,स्थान ।

प्रथम पटक सूचना प्रकासित भएको मितिले २२औ दिन दिनको १२:००बजे भित्र मत्स्य विकास केन्द्र भण्डारामा दर्ता गरिसक्नु पर्ने छ । उक्त दिन सार्वजनिक विदा परेमा सो को भोलीपल्ट कार्यालय खुलेको दिन सोही समय भित्र दर्ता गर्न सकिने छ ।

४)सिलबन्दी बोलपत्र फारम खोल्ने समय र स्थान :२२औ दिन दिनको २:०० बजे प्रतिनिधिहरुको रोहवरमा मत्स्य विकास केन्द्र भण्डाराको कार्यालय भवनमा खोलिने छ ।तर कुनै कारणबस ठेकेदार प्रतिनिधिहरु उपस्थित हुन नसकेमा बोलपत्र फारम खोल्न बाधा पर्ने छैन् ।

५)धरौटी रकमः कबोल गरेको रकमको १०प्रतिसतले हुने रकम रा.वा.बैंक भरतपुरमा रहेको को.ल.नि.को. चितवनको धरौटी खाता न.१३१०२०३०००००००(मत्स्य विकास केन्द्रको कार्यालय कोड न.३५।३१२।०५)खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त क बर्गको बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा ६(छ)महिना मान्य अवधी भएको बैंक जमानत हुनु पर्ने छ ।

६)वोलपत्रदाताले लिलाम बिक्रि हुने वन पैदावार हेर्न चाहेमा कार्यालयको समय भित्र घाटगढी स्थलमा गइ हेर्न सकिने छ ।

७)बोलपत्र फारम पेश गर्दा सम्वन्धी फर्मको प्रोपाइटरले सहि छाप लगाएको हुनु पर्ने छ ।यदि कुनै कारणबस प्रोपाइटरले सहिछाप लगाउन नसकेको अवस्थामा निजले लिखित अख्तीयारी दिइएको व्यक्तिले सहिछाप गरी प्राप्त लिखित अख्तीयारीको प्रमाणित प्रति समेत पेश गर्नु पर्ने छ।

८)बोलपत्र फारम खरिद गर्दा खरिद कर्ताले फर्म खरिद गर्दाकै बखत बन पैदावार सम्वन्धी कारोवार गर्न प्राप्त इजाजतपत्रको प्रतिलिपी,मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपी ,आ.व.२०७३।७४को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी नोटरी पब्लिकको कार्यालयबाट प्रमाणित गराइ पेश गर्नु पर्ने छ।

९)बोलपत्र फारममा सकार गरेको रकम लेख्दा अंक र अक्षर दुवैमा लेख्नु पर्ने छ ।अंक र अक्षरमा लेखिएको रकममा फरक परेमा अक्षरमा लेखिएको लाइ मान्यता दिइने छ ।

१०)म्याद नाघी आएको वा रित नपुगेको वा शर्त राखी आएको बोलपत्र मान्य हुने छैन् ।

११)बोलपत्र फारम स्विकृत गर्ने वा नगर्ने अधिकार अधिकार प्राप्त अधिकारीमा निहित हुने छ ।

१२)बोलपत्रमा कुनै प्रकारको विवाद भएमा मत्स्य विकास केन्द्र भण्डाराले गरेको निर्णय अन्तिम हुने छ ।

१३) लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १०(दश) दिन भित्र सकार कर्ताले सकार गरेको रकम ,कटान मुछान खर्च र सोमा लाग्ने १३ प्रतिसत मु.अ.कर दाखिला गरी बन पैदावार उठाइ लैजानु पर्ने छ ।

१४)यस सूचनामा नपरेका कुराहरु प्रचलित ऐन कानून र निर्देशिका बमोजिम हुने छ ।

१५) विस्तृत जानकारीकोलागि यस कार्यालयमा कार्यालयको समय भित्र सम्पर्क राख्नु होला ।

२।२३

कल्याण के.सी.
(बरिष्ठ मत्स्य विकास अधिकृत)
बरिष्ठ मत्स्य विकास अधिकृत